नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८२/०८३

चलानी नं ४२८

मितिः२०८३/०१/२८

ने.सं. ११४६

श्री गाउँपालिका सबै,

श्री नगरपालिका सबै ।

बिषयः मूल्य पारदर्शीता सप्ताह (Price Transparency Week) सम्वन्धमा ।

प्रस्तुत विषयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प.सं.०८२/८३ च.नं.४३९८ मिति २०८३/१/२५ को पत्र र उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको प.सं.प्रशासन ०८२/८३ च.नं.२७३४ को मिति २०८३/१/२५ को पत्र मार्फत मिति २०८३ वैशाख२८ देखि २०८३ जेठ ३ गते सम्म मूल्य पारदर्शिता सप्ताहको रुपमा स्थानीय तहले स्थानीय बजार अनुगमन समिति परिचालन मार्फत गाउँपालिका/ नगरपालिका क्षेत्रभित्रका वस्तु तथा सेवा प्रदायकहरुले उपलब्ध गराउने सबै वस्तु तथा सेवाको मूल्यसूची राख्न आव्हान गर्ने र सो कार्य भए नभएको अनुगमन गर्ने भनि लेखि आएकोले सो पत्रको छायाँप्रति यसैसाथ संलग्न गरी आवश्यक जानकारी तथा कार्यार्थ पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

प्रकाश पन्थी

शाखा अधिकृत

बोधार्थः

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवार, काठमाडौ

श्री उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरवार, काठमाडौ

श्री सूचना प्रविधि शाखा वेवसाईटमा अपलोड गरिदिनुहुन ।

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल

पत्र संख्या :- ०८२/८३
च.नं. ४३९८

मिति: २०८३।१।२५

श्री गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं।
श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौं।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सबै।
श्री स्थानीय तह सबै।

**विषय: मूल्य पारदर्शिता सप्ताह (Price Transparency Week) सम्बन्धमा।**

उपर्युक्त सम्बन्धमा उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको च. नं. २७३४ प. सं. प्रशासन/०८२/८३ मिति २०८३/१/२५ को पत्र अनुसार मिति २०८३ वैशाख २८ देखि २०८३ जेठ ३ गतेसम्म **मूल्य पारदर्शिता सप्ताह (Price Transparency Week)** को रूपमा यसै पत्रसाथ संलग्न जिम्मेवारीका क्रियाकलाप गर्ने गराउने व्यवस्थाका लागि पत्राचार हुन अनुरोध भइआएकोले तदनुरूप गर्ने गराउने व्यवस्था हुन अनुरोध गर्दछु।

(डा भीष्मकुमार भूसाल)
सहसचिव

<u>सादर अवगतार्थ:</u>
सम्माननीय प्रधानमन्त्रीज्यूको निजी सचिवालय
श्रीमान् मुख्यसचिवज्यू, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय।
श्रीमान् सचिवज्यू, शासकीय मामिला क्षेत्र, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय।

टेलिफोन : ४२११०६३, ४२११०२१, ४२११०७७, ४२११०६६
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

Website: https://moics.gov.np
E-mail: info@moics.gov.np
फोन नं:- ४२११६७५
सिंहदरबार, काठमाडौं
नेपाल.

प.सं.: प्रशासन/०८२/८३
च.नं.: 2634

मितिः २०८३/१/२५
नेपाल सम्वत् ११४५

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय,
सिंहदरबार, काठमाडौं।

विषयः मूल्य पारदर्शिता सप्ताह (Price Transparency Week) सम्बन्धमा।

प्रस्तुत विषयमा मिति २०८३ बैशाख २८ देखि २०८३ जेठ ३ गतेसम्म मूल्य पारदर्शिता सप्ताह (Price Transparency Week) को रूपमा देहायबमोजिमका क्रियाकलाप गर्ने/गराउने व्यवस्थाका लागि देहायबमोजिमका निकायलाई पत्राचार हुन निर्णयानुसार अनुरोध छ।

देहायः

१. स्थानीय तहले स्थानीय बजार अनुगमन समिति परिचालन मार्फत पालिकाक्षेत्र भित्रका वस्तु तथा सेवा प्रदायकहरूले उपलब्ध गराउने सबै वस्तु तथा सेवाको मूल्यसूची राख्न आह्वान गर्ने र सो कार्य भए नभएको अनुगमन गर्ने। - श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
२. जिल्ला प्रशासन कार्यालयहरूले स्थानीय बजार अनुगमन समिति परिचालन मार्फत पालिकाक्षेत्र भित्रको वस्तु तथा सेवाको मूल्य पारदर्शिताका लागि प्रचार प्रसार, नियमन सुनिश्चितता र प्रतिवेदन गर्ने। - श्री गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं
३. केन्द्रीय अनुगमन मूल्याङ्कन समिति, प्रदेश बजार अनुगमन समिति, स्थानीय बजार अनुगमन समिति र बजार नियामक निकायहरूले मूल्य पारदर्शिता कार्यान्वयन भए नभएको अनुगमन गरी प्रतिवेदन तयार गर्ने तथा आवश्यक निर्देशन कारवाही प्रकृया अघि बढाउने। - श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, श्री गृह मन्त्रालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय, (सबै)।

(सुसिल पकुवाल)
शाखा अधिकृत